# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# दोगडाकेदार गाउँपालिका
# बैतडी




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७
च.नं. ५५४

मितिः २०७७/०३/२९

विषयः <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री अध्यक्षज्यू,
दोगडाकेदार गाउँपालिका,
बैतडी ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।
आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।
लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय
२०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:०७६।७७
च.नं: ५५५

मिति: २०७७।३।२९

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
दोगडा केदार गाउँपालिका,बैतडी ।

**कैफियत सहितको राय**

हामीले **दोगडा केदार गाउँपालिका**को आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.३ करोड ८६ लाख ६७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३० लाख ७९ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ५१ लाख ८८ हजार र पेश्की रु.४ लाख रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्योट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना ( २१ ) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसकालागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२९
(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# दोगडाकेदार गाँउपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउँपालिका अन्तर्गत. ८ वडा रहेको,४६ गाउँसभा सदस्य, १२६.३८ व.की.मी. क्षेत्रफल,२४६३२ जनसंख्या सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोष:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आय व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :–

| सि. नं. | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | बिवरण | रकम | रकम | | बिवरण | रकम | रकम |
| १ | गत बर्षको मौज्दात | | ५१५००० | १ | चालु खर्च | २३९३७९९६६ | २३९३७९९६६ |
| | क) नगद | | | २ | पुजिगत खर्च | १४४३८१०३९ | १४४३८१०३९ |
| | ख) बैंक | ५१५००० | | ३ | बित्तिय व्यवस्था भुक्तानी | | |
| २ | राजश्व (आन्तरिक आय) | | ६१८९६५०८ | | क)ऋण भूक्तानी | | |
| | क) आन्तरिक राजश्व | ५४१८५४४ | | | ख)व्याज भुक्तानी | | |
| | ख) राजश्व वांडफांड (केन्द्र) | ५५२५६०६३ | | | ग)अन्य भूक्तानी | | |
| | ग) राजश्व वांडफांड (प्रदेश) | १२२१९०१ | | ४ | लगानी | | |
| ३ | बित्तिय हस्तान्तरण (केन्द्र) | | २७७८३४००० | | क)ऋण भूक्तानी | | |
| | क) बित्तिय समानीकरण अनूदान | ९०१००००० | | | ख)शेयर लगानी | | |
| | ख) सशर्त अनूदान | १५५९२८००० | | | ग)अन्य लगानी | | |
| | ग) समपुरक अनूदान | १६८०६००० | | ५ | धरौटी फिर्ता | १२८००० | १२८००० |
| | घ) बिशेष अनुदान | १५००००००० | | ६ | कोष खर्च | | |
| ४ | संघिय अख्तियारी | | ६७३१०००० | ७ | को.ले.नि.का. फिर्ता | १८९५७९८५ | १८९५७९८५ |
| | १)झोलूंगे पूल क्षेत्रगत कार्यालय | ३१००००० | | ८ | ग्रा.ज.व्य.परियोजना फिर्ता | | ० |
| | | | | ९ | प्रदेश ले.नि.का. फिर्ता | ३८२२९०७ | ३८२२९०७ |
| | ३)स्था.पू.वि.साझेदारी कार्यक्रम | ४९५०००० | | १० | अन्य भुक्तानी | | |
| | ४)सामाजिक सुरक्षा कार्यक्रम | ५३०७०००० | | ११ | मौज्दात | | |
| | ५)बहूक्षेत्रीय पोषण कार्यकम | १४६२००० | | | क) नगद गा.बि.स. | | ० |
| | ६)गरीवसंग | ० | | | ख) नगद वडा | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विश्वेश्वर कार्यक्रम | | | | | |
| | ७)प्र.म. रोजगार कार्यक्रम | ४७२८००० | | | ग) बैंक | | १७४५४४२८ |
| ५ | प्रदेश सरकारवाट प्राप्त अनुदान | | १४६४६००० | | १.मूल संचित कोष खाता | ० | |
| | क) बित्तिय समानीकरण अनुदान | ६७८०००० | | | ३.चालू खर्च खाता | ९२९८१५७ | |
| | ख) सशर्त अनुदान | ० | | | ४.पुजिगत खर्च खाता | ८१३४८०५ | |
| | ग) बिशेष अनुदान | ४२००००० | | | ५.धरौटी खाता | २१४६५ | |
| | घ) समपुरक अनुदान | ३६६६००० | | | | | |
| | ङ) प्रोत्साहन अनुदान | ० | | | | | |
| ६ | धरौटी प्राप्त | १४९४६५ | १४९४६५ | | | | |
| ७ | शिक्षाको थप निकाशा प्रदेश | १३७०००० | १३७०००० | | | | |
| ८ | अन्य आय | ४०३३५१ | ४०३३५१ | | | | |
| | **जम्मा** | ४२४१२४३२४ | ४२४१२४३२४ | | **जम्मा** | ४२४१२४३२४ | ४२४१२४३२४ |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **सञ्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउँपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा खर्च खातामा रहेको सवै बाँकी रकम सम्बन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि २ चालु र पुजिगत,२ संचित कोष खाता प्रयोग गरेकोले एक चालु , पुजिगत र मुल संञ्चितकोष खाता कायम गर्नुपर्ने देखियो । | |
| २. | **बजेट पेश गर्ने तथा पारित गर्ने:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रै पारीत गर्नुपर्ने व्यवस्था छ । यस वर्षको बजेट कार्यपालिकाको मिति २०७५।३।२३ को बैठकबाट पारित भएको छ । ऐनमा व्यवस्था भएको समय सीमा भित्र निदिष्ट ढाँचामा परित गरेको छैन । | |
| ३. | **आन्तरीक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले कानूनी व्यवस्था बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको नदेखिएकोले कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली विश्वसनीय छ भनी एकिन गर्न सकिएन ।<br><br>• **जिन्सी निरीक्षण:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने | |

| | | |
|---|---|---|
| | कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लेखि वा लिई राख्ने र प्रतिवेदनमा कैफियत देखिएका व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेपनि कार्यन्वयन गरेको छैन ।<br><br>● **जोखिम पहिचानः** कार्यालयले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भाबित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन ।<br><br>● **योजना सन्चालनः** सन्चालित योजनाको काम तोकिएको समयमै सम्पन्न गरेको देखिएन ।<br><br>● **कार्य विवरणः** प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्ने व्यवस्था रहेकोमा प्रत्येक कर्मचारीलाई कार्य विवरण दिएको देखिएन ।<br><br>● **लागत अनुमान/खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन ।<br><br>● **स्पेशिफिकेशन र मूल्य नखुलाएकोः** कम्प्युटर, ल्यापटप, मेशिनरी औजार लगायतका सामानको जिन्सी दाखिला गरेता पनि मूल्य र स्पेशिफिकेशन नखुलाई प्रविष्टि गरेको छ ।<br><br>● **सम्पत्तिको अभिलेखः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(५ मा सावंजनिक निकायले भौतिक सम्पत्तिको अभिलेख राख्नुपर्नें व्यवस्था रहेको छ । कायांलयलले अन्य जिन्सी सामग्रीहरुको अभिलेख राखेको भए तापनि आपनो कायंक्षेत्रभित्र पनें भौतिक सम्पत्तिहरु सडक, पुल, कल्भटं, नाली, रेलिँ आदिको नाप समेत खुल्ने गरी अभिलेख तयार गरेको छैन ।<br><br>● **नापी किताब, ठेक्का बीलः** यो वर्ष ठेक्का भएका विभिन्न ठेक्काको रनिंग तथा अन्तिम बिल भुक्तानी गर्दा नापी किताब, ठेक्का सम्व्न्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति उल्लेख गरेको छैन । ठेक्का सम्वन्धी भुक्तानीको महत्वपूर्ण कागजातको रुपमा रहेका नापी किताब, ठेक्का सम्वन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा यस्ता विषयहरु उल्लेख नगर्दा ठेक्काको अभिलेख व्यवस्थापनमा कमजोरी रहने हुंदा नापी किताब, ठेक्का सम्वन्धी बिल तथा कार्य सम्पन्न प्रतिवेदन अद्यावधिक रुपमा राखिनु पर्दछ ।<br><br>● **मू.अ.कर दर्ता नभएकासंग खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका कार्यहरुमा मू.अ.कर दर्ता नभएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट विभिन्न निर्माण सामग्री र अन्य मालसामान खरिद गरी कार्य गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम मू.अ.कर दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | **श्रोत अनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम.गाउँपालीकामा प्राप्त हुने आन्तरिक आय , राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋृण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा | |

<table>
<tr><td></td><td>निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण , सन्तुलीत वितरणमा ,वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा उपरोक्त अनुसारको सीमा निर्धारण तथा प्राथमिकिकरणको सन्तुलित विवरण खाका प्रस्तुत गरेको छैन ।</td><td></td></tr>
<tr><td>५.</td><td>वजेट तथा कार्यक्रम तर्जुमाः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादाम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ ।खर्च नीति तर्जूमा नगरेको , तत्कालिन जि वि स ,डिभिजन सडक र जिल्ला प्राविधिक कार्यालयबाट निर्माण भएको सडक हस्तान्तरण भै निर्माण गरेकोले दोहोरोपन हुन सक्ने तर्फ ध्यान नदिएको र गतवर्ष खानेपानीको गुरुयोजना तयार गरि भुक्तानी गरेकोमा योजाना बमोजिम बजेट तथा कार्यक्रम तयार भएको छैन ।</td><td></td></tr>
<tr><td>६.</td><td>योजनामा ५ लाखभन्दा कम विनियोजनः स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा आर्थिक सामाजिक एवम् पूर्वाधार विकास कार्यक्रम अन्तर्गत विनियोजन भएको रकमवाट गाउँपालिकाले ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नुहने व्यवस्था छ । गाउँपालिका बाट प्राप्त विवरण अनुसार निर्देशिका विपरित विभिन्न योजनाहरुमा रु.५ लाख भन्दा न्यून बजेट बिनियोजन गरी खर्च गरेको छ । यस्ता धेरैजसो वितरण मूखी अनुत्पादक रहेको छ । अतः कार्यविधिले तोके अनुसार पूर्वाधार कार्यक्रममा विनियोजन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७.</td><td>स्थानीय तथ्यांक र अभिलेखः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन.। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउँपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।</td><td></td></tr>
<tr><td>८.</td><td>लक्ष्य प्रगतिको स्थिति - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । १९९ कार्यकमको लागि यस वर्ष रु ११४४२३ हजार विनियोजन भएकोमा १५ कार्यकममा शुन्य प्रगति भएको विवरण पेश भएको छ ।</td><td></td></tr>
<tr><td>९.</td><td>चौमासिक खर्चःआर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ५.६० प्रतिशत, दोश्रो चौमासिकमा १७.६७ प्रतिशत र तेश्रो चौमासिकमा ७६.७३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ मसान्तमा ४४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।
<table>
<tr><td rowspan="2">त्र ृ. स</td><td rowspan="2">बजेट उपशिर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="4">चौमासिक खर्च (रु.हजारमा)</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेस्रो चौमासिक</td><td>आषाढ महिना</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td><table><tr><td>.</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr><tr><td>१</td><td>विभिन्न</td><td>१४४४०३</td><td>८०७९</td><td>२५५२६</td><td>११०७९८</td><td>६३५४८</td></tr></table></td><td></td></tr>
<tr><td>१०.</td><td>कर्मचारी व्यवस्था :निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको कर्मचारी दरवन्दी ४८ रहेपनि पदपूर्ति २० रहेको देखियो । ६ अधिकृत सहित २८ पद रिक्त रहेका छन । ति मध्ये ७ जना करारमा राखि कार्य संचालन गरिएको छ। अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>११.</td><td>सशर्त अनुदान- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले रु.७५४०४२८।८३ खर्च नभई बाँकी रकम स्थानीय सञ्चित कोषमा जम्मा गरेकोले उक्त रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.............</td><td>७५४०४२८/८३</td></tr>
<tr><td>१२.</td><td>स्रोत नक्सांकन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा गाउँपालिकाले गत वर्ष रु ७०९ हजार समेत यस वर्ष सम्म रु १४१९ हजार भिलेज प्रोफाइलमा खर्च गरे पनि तयार भै कार्य सम्पन्न भै प्रयोगमा आएको देखिएन ।</td><td></td></tr>
<tr><td>१३.</td><td>पेश्की - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार गाउँपालिकाको पेश्कीफछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु ...<table><tr><td>शिर्षक</td><td>लिनेको विवरण</td><td>पेश्की मिति</td><td>रकम</td></tr><tr><td>वित्तीय समानिकरण चालु</td><td>चनैराज आ.वि.</td><td>०७५।८।९</td><td>४०००००</td></tr></table></td><td>४०००००/-</td></tr>
<tr><td></td><td>उपभोक्ता समितिमार्फत कार्य: यस सम्वन्धमा देखिएका व्यहोरा यसप्रकार रहेका छन् ।</td><td></td></tr>
<tr><td>१४.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने व्यवस्था छ । उपभोक्ता समितिले पेश गरेको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्ने र त्यस्तो सम्झौतामा साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नु पर्ने योगदान उल्लेख गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन ।उपभोक्ता समितिको गठन विधि, आधार उपभोक्ता समितिले सञ्चालन गर्ने आयोजनाबाट लाभान्वित हुने जनसंख्या स्पस्ट देखिएन । उपभोक्ता समितिले पेश गरेको डोर हाजिरीमा उपभोक्ता समितिका पदाधिकारी तथा उपभोक्ता समिति गठन गर्दाको समयमा उपस्थित जनसमुदायले पनि श्रम योगदान नगरेको, डोर हाजिरमा उल्लेखित श्रमिकको पुष्ट्याई नभएको, केवल प्रक्रिया पुऱ्याउने प्रयोजनको लागि डोर हाजिर राख्ने गरेको,उपभोक्ता समितिले निर्माण व्यवसायीसंग काम गराई अनुदान ग्रहण गर्ने गरेको देखिएकोले यसमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५.</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्ताको गरेको खर्चको सूचना सार्वजनिक टाँस गर्नुपर्ने र आफूले गरेका कामकारबाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरिक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार भए गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>१६.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>१७.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने, सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने व्यवस्था छ । सर्भे, डिजाइन, लागत अनुमान बेगर बजेट विनियोजन गर्ने गरेको र उपरोक्त अनुसार गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>१८.</td><td>अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा विल भर्पाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । देहायका खर्च भुक्तानी गर्दा पुष्ट्याई बेगर खर्च लेखेकोले खर्च नियन्त्रण गर्नु पर्ने देखियो ।
<table>
<tr><th>खर्च विवरण</th><th>खर्च रकम</th><th>कैफियत</th></tr>
<tr><td>विविध रकम</td><td>२२२१२७१.००</td><td>बैठकको माइन्युट,दिन नखुलेको,मू अ करमा दर्ता नभएका होटलको बिल संगग्न गरेको ।</td></tr>
<tr><td>अन्य भाडा</td><td>१५१४७८२.००</td><td>पटके सम्झौता गरेको, गाडी भाडामा लिने प्रयोजन स्पष्ट नखुलेको ।</td></tr>
<tr><td>जम्मा</td><td>३७३६०५३.००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१९.</td><td>कल्याण कोष :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । गाउँपालिकाले कल्याण कोष खडा गरी रकमको व्यवस्था गर्ने गरेको पाईएन । अतः कर्मचारी कल्याण कोष खडा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०.</td><td>लक्षित समूह खर्च : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाउँपालीकाले वितरणमुखी कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखिएन । यस्ता कायमा सुधार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२१.</td><td>सोझै खरिद: : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ वमोजिम रु.२० लाखसम्म लागत अनुमान भएको मालसामान खरिद कार्य सिलवन्दी दरभाउपत्रद्धारा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आवश्यक सामानहरु सिलवन्दी दरभाउपत्रद्धारा खरीद नगरी</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>निम्नानुसार रु.६७ लाख ६३ हजारको पटक पटक गरी सोझै खरीद गरेको नियमसम्मत देखिएन । सोझै खरिद कार्य गरेको विवरण निम्नानुसार रहेको छ ।<br>
<table>
<tr><th>क्र.स</th><th>विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>१.</td><td>परामर्श सेवा, डि पि आर</td><td>१९९४२२४</td></tr>
<tr><td>२.</td><td>मसलन्द सामग्री</td><td>३२५४४९३</td></tr>
<tr><td>३.</td><td>अन्य भाडा</td><td>१५१४७८२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६७६३४९९</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२.</td><td>वातावरणीय प्रभाव : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ ।गाउँपालीकाले यो वर्ष वातावरण संरक्षण, गाउँ र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन ।</td><td></td></tr>
<tr><td>२३.</td><td>मुल्य अभिवृद्धि कर: सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको श्रेस्ता बिल भरपाई स्थानीय निकायले जाँच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिलाई खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान गरी सोही वमोजिम कार्य सम्पन्न भै भुक्तानी भएकोमा सो को जानकारी आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन ।</td><td></td></tr>
<tr><td>२४.</td><td>तलवी प्रतिबेदन : निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट र शिक्षकको तलब विद्यालय शिक्षक किताबखानाबाट तलबी प्रतिवेदन पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>लेखा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने व्यावस्था भएको छ । महालेखापरीक्षकबाट २०७६।२।१९ मा १४२ नयाँ म.ले.प. फारम स्वीकृत भै लागू भएको भए तापनि वित्तीय विवरण नगदमा आधारीत सार्वजनिक क्षेत्र लेखामान बमोजिम तयार गरेको छैन ।</td><td></td></tr>
<tr><td>२६.</td><td>स्थानीय भत्ता तथा अन्य सुविधा - विभिन्न कर्मचारीलाई मासिक थप कामकाज गरे वापत जेष्ठ र असारको बोर्डको एकल निर्णयको आधारमा रु.१५२३४०।००भुक्तानी गरेको देखियो । विकास निर्माणको काममा खर्च गर्नुपर्ने रकम विभिन्न भत्ता सुविधामा खर्च गर्ने कार्य नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>पदाधिकारी तथा सदस्यको सुविधा : नेपालको संबिधान २०७२ को धारा २२७ मा गाँउ सभामा र नगरसभाका सदस्यले पाउने सुविधा प्रदेश कानुन बमोजिम हुने उल्लेख छ । सुदुर पश्चिम प्रदेशले स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ अनुसार पद तथा गोपनियताको सपथ लिइ आफ्नो पदको काम कारबाहि सुरु गरेको मिति देखि स्थानिय तहको आन्तरीक स्रोतको आधारमा मासिक पारिश्रमिक सुबिधा पाउने ब्यबस्था गरे बमोजिम यस वर्ष यो गाउँपालिकाले अध्यक्ष/उपाध्यक्ष र सदस्यको पारिश्रमिक (२०७५ श्रावण देखि २०७६आसाढ सम्मको गत बर्षको रु.४६३२८०० /- समेत) भुक्तानी दिन बाकीको विवरण बेगर रु.९१७२००० /- खर्च लेखेको देखियो ।</td><td></td></tr>
<tr><td>२८.</td><td>योजना र कार्यान्वयन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ तर गाउँपालिकाले सूचि तयार गरी कार्यान्वयन गरेको छैन ।</td><td></td></tr>
<tr><td>२९.</td><td>यस बर्ष सनातन धर्म माध्यमिक बिद्यालयको ४ कोठे भबन निर्माण गर्न रु. ३०४९७२०/- उपभोक्ता समिति लाई भुक्तानि गरेको छ । उक्त रकममा Two coat white cement work र panel work for door and windows कार्यका लागि रु. २३९१८८ नापी किताबमा उल्लेख गरी भुक्तानी गरेता पनि अबलोकनका क्रममा रंगरोगन र ढोकाको पल्ला नराखेको पाईयो । यसर्थ उक्त रकम सम्बन्धितबाट असुल गनुपर्ने देखिएको रु ....................</td><td>२३९१८८/-</td></tr>
<tr><td>३०.</td><td>बिशेष अनुदान(संघ):–<br><br>उपरोक्त शीर्षकमा रु १४४३२५३० /- खर्च भएको छ । यस सम्बन्धमा देखिएका ब्यहोरा निम्न छन् :<br><br>सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउने सम्बन्धी ब्यबस्था छ । गाउँपालिकाले देहायका लागत अनुमान भएका कार्यक्रम गैरसरकारी संस्था मार्फत सञ्चालन गर्न सम्झौता गरी भुक्तानि गरेको देखियो ।
<table>
<tr><th>कार्यक्रमको नाम</th><th>सम्झौता मिति</th><th>रकम</th><th>गैरसरकारी संस्था</th></tr>
<tr><td>शैक्षिक गुणस्तर सुधार तथा बिद्यालय ब्यबस्थापन कार्यक्रम</td><td>०७६/२/२३</td><td>४९३९७६०</td><td>नयां प्रबिधि सुधार तथा ब्यबस्थापन संघ</td></tr>
<tr><td>फोहोरमैला ब्यबस्थापन तथा पुर्ण सरसफाई कार्यक्रम</td><td>०७६/२/२३</td><td>४६१२७७०</td><td>सामाजिक बिकास तथा सचेतना समाज</td></tr>
<tr><td>बाल मृत्युदर तथा मातृ मृत्युदर न्युनिकरण कार्यक्रम</td><td>०७६/२/२४</td><td>४८८००००</td><td>महिला उत्थान समाज बैतडी</td></tr>
</table>
उक्त कार्यक्रमहरुका धेरैजसो कियाकलाप गाउँपालिका आफैले सञ्चालन गर्न सक्ने र त्यसको लागि बिशेष सीप/दक्षता आबश्यक नपर्ने,बार्षिक कार्यक्रमसँगै मिल्दोजुल्दो भएको स्थिति देखिएतापनि गैरसरकारी संस्थालाई नियुक्त गरी खर्च लेखेको मनासिब देखिएन ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:</td><td></td></tr>
<tr><td></td><td>क)सामाजिक बिकास तथा सचेतना समाज (स्वदेश) बैतडीलाई देहायका फोहोरमैला ब्यबस्थापन तथा पुर्ण सरसफाई कार्यक्रम सञ्चालनको लागि रु. ४६१२७७०/- भुक्तानी भएको छ ।
<table>
<tr><th>कियाकलाप</th><th>रकम</th></tr>
<tr><td>सरसफाई समुह गठन तथा अभिमुखिकरण</td><td>४६६०१७</td></tr>
<tr><td>आमा समुहमा पुर्ण सरसफाई</td><td>३९८२२८</td></tr>
<tr><td>पुर्ण सरसफाईको रणनिति योजना कार्यान्वयन</td><td>२३३३७६</td></tr>
<tr><td>कार्यक्रम सञ्चालन र ब्यबस्थापन खर्च</td><td>२२६०३३</td></tr>
<tr><td>समिक्षा बैठक</td><td>४३२३५</td></tr>
<tr><td>सुचना प्रसारण, कन्टेनर, फिल्टर बितरण</td><td>३०८२३१३</td></tr>
<tr><td>अग्रिम कर</td><td>१७२७९५</td></tr>
<tr><td>जम्मा</td><td>४६१२५९७/-</td></tr>
</table>
उपरोक्त सम्बन्धमा देखिएका थप ब्यहोरा निम्न छन् :</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | (१) संस्थाले वडा न. ४ मा ७५, वडा न. ७ मा ५४, बर्थिङ सेन्टरमा १०, बिद्यालय ६०, गा. पा. कार्यालय समेतमा गरी २५७ थान फिल्टर बितरण गरेको उल्लेख गरेको छ। वडा न. ४ र ७ मा फिल्टर बितरणको आधार र सम्बन्धित संस्थाको दाखिला प्रतिवेदन पेश नभएको रु.................... | १२७९८३९/- |
| | (२) प्रबिण सप्लायर्स (६०६२२६०८०) को २६५ फिल्टर, ६० कन्टेनर, १६७ बाल्टिन को रु. १२७९८३९/- को कर बिजक पेश गरी भुक्तनी लिएकोमा ८ थान फिल्टर खरिद नै नगरी बिजकको दाबी गरी भुक्तानी लिएको रु. २८००५/-, बाल्टी १६७ थान बितरण नगरेको तर भुक्तानी गरेको रु.१४२११७०० समेत जम्मा रु.१७०१२२/-असुल गर्नु पर्ने रु........................... | १७०१२२/- |
| | (३) ६०० थान फ्लेक्स प्रिन्ट र ४० थान होडिङ बोर्ड निर्माण र जडान गरेको देखाई रु १२,४९,८७० /- भुक्तानी गरेकोमा कार्य सम्पन्न र प्राविधीक मुल्याङकन नभएकोले अनियमित देखिएको रु................................ | १२४९८७०/- |
| | (४) ३२५ थान हाते पुस्तिका ,७३५ थान क्यालेण्डर छपाइको विल पेश गरी रु.४,१९,२३०/- भुक्तानी खर्च लिएको छ ।आषाढ महिनामा क्यालेण्डर, हातेपुस्तिका छपाई गरी वितरण कहिले र कुन वडा /स्थानमा कस्लाई वितरण भएको हो नखुलेको, सम्झौतामा छपाई वापतको विल भुक्तानी दिने स्पष्ट नभएकाले अनियमित देखिएको रु.... | ४१९२३०/- |
| | (५) फोटोकपि मेशिन खरिद गर्ने सम्झौतामा उल्लेख छैन । उक्त सामानको भुक्तानी भएको देखिन्छ। यसर्थ असुल गर्नूपर्ने रु............................ | १७५००/- |
| | ६) **कर विजक**:मुल्य अभिबृद्धी कर नियमावली २०५३ को नियम ६क वमोजिम सार्वजनिक निकायले खरिद संझौता र मूल्य अभिवृद्धिकर भूक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। संस्था मुल्य अभिबृद्धि करमा दर्ता भएपनि मुल्य बृद्धि कर विजक बेगर रु.४६,१२,७७०/- भुक्तानी भएको देखिएकोले मु.अ.कर रु.५,३०,६५२ /- समायोजनको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु............................... | ५३०६५२/- |
| | ख)महिला उत्थान समाज बैतडी संग सम्झौता गरी रु.४८,८०,००० /- भुक्तानी भएको छ। देहायका क्रियाकलाप संचालन गरेको देखिएकोमा निम्न ब्यहोरा देखिएका छन: | |
| | (१) वडा नम्बर २ र ३ का दलित बस्तीमा ३०० थान फिल्टर वितरण गर्न दुर्गा शक्ति ट्रेर्डसबाट रु.९,५९,७०९ /- को कर विजकको आधारमा भुक्तानी गरेकोमा वडा नम्बर २ र ३ का वस्तीमा परिवार छनौट र वितरणको आधार पेश नभएको रु........................................................ | ९५९७०९/- |
| | (२) ९६ वटा सन्देश मुलक होर्डिङ बोर्डको रु.९,५९,५०६ /- भुक्तानी भएकोमा जडान गरेको स्थान नखुलेको, कार्यसम्पन्न बेगर भुक्तानी गरेकोले अनियमित देखिएको रु......... | ९५९५०६/- |
| | (३) बाल मृत्युदर तथा मातृ मृत्युदर न्युनिकरण कार्यक्रम अर्न्तगत ८ वडामा गठन गरिएका समुहको नियमित १० बैठकमा प्रति सहभागि रु..५० का दरले ८ वडामा रु ५०,०००/- का दरले ८ सामाजिक परिचालकलाई खाजा खर्च वापत रु.४,००,००० /- भुक्तानी गरेको विवरणको आधारमा संस्थालाई रकम भुक्तानी भएको छ । समुहमा सदस्य उपस्थित भएको बैठकको माइन्युट नभएको, बुझेको भर्पाई नभएको र कर कट्टा गरेको प्रमाण पेश नभएकोले अनियमित देखिएको रु.............................. | ४०००००/- |
| | (४ सम्झौतामा प्रोजेक्टर खरिदको रकम भुक्तानी दिने व्यवस्था नदेखिएकोमा प्रोजेक्टर खरिदको विल पेश गरी भुक्तानी लिएकोले असुल हुनुपर्ने रु... | ४४९९९/- |
| | (५) ३ दिने यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र सेनेटरी प्याड निर्माण ,बाल विवाह तथा महिला हिंसा न्युनिकरण अभिमुखि करण कार्यक्रम ०७६।२।३२ देखि ०७६।३।२ , ०७६।३।३ देखि ०७६।३।५ , | |

<table>
<tr><td></td><td>०७६।३।४ देखि ०७६।३।६ र ०७६।३।७ देखि ०७६।३।९ सम्म पञ्जचनया, सिल्लेगाडा र खोचलेकमा गरेको उल्लेख छ । उक्त कार्यक्रममा एउटै सहभागी पटक पटक समावेश गरेको, सहभागी छनौटको आधार नखुलेकोले कार्यक्रम समाबेशी र सहभागितामुलक भई अपेक्षित प्रभाव परेको र सम्झौता बमोजिम कार्यक्रम प्रभावकारी भई कार्यक्रम भएको सुनिश्चित  गर्न सकिएन ।<br><br>(६) कर विजक:मुल्य अभिबृद्धी कर नियमावली २०५३ को नियम ६क वमोजिम सार्वजनिक निकायले खरिद संझौता र मूल्य अभिवृद्धि कर भूक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ ।संस्था मुल्य अभिबृद्धि करमा दर्ता भएकोमा कर विजक बेगर रु ४८,८०,०००/- भुक्तानी भएकोले मु.अ.कर समायोजनको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु ...</td><td>५६१४१५/-</td></tr>
<tr><td>३१.</td><td>ग)नयाँ प्रविधि सुधार तथा व्यवस्थापन संघ (३०५०९३४०२) लाई देहायका क्रियाकलाप सञ्चालन गर्न रु.४९,७०,०००।०० सम्झौता भई रु. ४९,३९,७६०/- भुक्तानी भएको छ ।
<table>
<tr><td>क्रियाकलाप</td><td>रकम</td></tr>
<tr><td>८ वडाका ८ विद्यालयमा वाल उद्यान सामाग्री white board र multi media वितरण</td><td>३७,५०,०००</td></tr>
<tr><td>विद्यालय प्रविधि मैत्री कार्यक्रम सञ्चालन</td><td>४,८९,०००</td></tr>
<tr><td>SIP अभिमुखि करण</td><td>२,८४,९४०</td></tr>
<tr><td>व्यवस्थापन खर्च</td><td>४,६६,७६०</td></tr>
</table>
यस सम्बन्धमा देखिएका ब्यहोरा निम्न छन:<br><br>(१) संस्थाले सिटि इन्टरप्राइजेज (६०१८५९९६२) बाट आठ  सेट play station खरिद को कर विजक पेश गरेकोमा प्राबिधिक मुल्याङ्कन र कार्यसम्पन्न प्रतिबेदन पेश नगरेको, वितरण गरेको स्कुलको नाम समेत नखुलेको अनियमित देखिएको रु .......<br><br>(२) ८ सेट  मल्टी मिडिया प्रोजेक्टर इपिक कम्प्युटर प्रा.लि. (६०४३९०९०३)  कर विजक पेश गरी रु ३,८२,३००/- भुक्तानी लिएकोमा विद्यालयलाई  वितरण नगरेकोले अनियमित देखिएको रु..<br><br>(३) कर विजक:मुल्य अभिबृद्धी कर नियमावली २०५३ को नियम ६क वमोजिम सार्वजनिक निकायले खरिद संझौता र मूल्य अभिवृद्धिकर भूक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ ।संस्था मुल्य अभिबृद्धि करमा दर्ता भएकोमा कर विजक बेगर रु ४९,३९,७६०/- भुक्तानी भएकोले मु. अ.कर समायोजनको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.</td><td>३२०००००/-<br><br>३८२३००/-<br><br>५६८२९०/-</td></tr>
<tr><td>३२.</td><td>ढिकगाड लघु जलबिधृत आयोजना :– यस वर्ष उपभोक्ता समितिलाई आयोजनाको ९२२ मी.लामो क्यानल र सो मा साइड वाल सोलिङ्ग लगायतका कार्यको लागि नापि किताब अनुसार रु ३००२६४५/- को मूल्यांकन भै  रु. २३७४७७३।०० भुक्तानी गरेको देखिन्छ । जलविधुत आयोजना निर्माणका लागि बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र लगायत अन्य निकायबाट प्राप्त हुने लागत सहभागिता सम्बन्धी  सम्झौता,कुल लागतअनुमान,डिपिआर पेश भएन ।यसर्थ आयोजनाको  खर्चको औचित्यको बारेमा स्पष्ट हुन सकिएन ।</td><td></td></tr>
<tr><td>३३.</td><td>सार्वजानिक खरिद नियमावलीको नियम ११मा मालसामानको लागत अनुमान स्पेशिफिकेसन लगायतको अधिनमा रहि तयार गर्नुपर्ने ब्यवस्था छ । १७ वटा सौर्य सडक बति जडान कार्यको लागि सुदुर एक्सप्रेस पत्रिकामा २०७६।२।१५ मा सिलबन्दी दरभाउपत्र माग गरी सुदुर पश्चिम सोलारकम्पनी छनौट गरी रु १९४८२०० /- भुक्तानी गरेको देखिन्छ । उक्त सौर्य सडक बत्तिको</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>लागत अनुमान मु. अ. कर सहित रु १९५५००० /- स्वीकृत गरेकोमा लागत अनुमान तयार गर्ने आधार स्पष्ट भएन । नियम को अधिनमा रही तयार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३४.</td><td>आन्तरिक आय :सम्झौताअनुसार आय ठेक्काको रकम असुल गर्नु पर्दछ ।देहायका आय ठेक्का बापतको रकम यस वर्ष असुल हुन बाँकी देखिएकोले नियमानुसार असुल हुनुपर्ने रु……………….
<table>
<tr><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>चमेलियाको पन्ज्युनया र जमाडीगाडको वगर क्षेत्र बाट नदिजन्य पदार्थ उत्खनन गर्ने प्रयोजनका लागि आय ठेक्का कबोल गर्ने निर्माण ब्यबसायी रामसिह कार्की बाट असूल हुन बाकी रु...</td><td>२८२५००</td></tr>
<tr><td>चमेलिया नदिको चमतडी र धनथला वगर क्षेत्रको लागी नदीजन्य निर्माण ब्यबसायी राजेन्द्र सिह बाट असूल हुन बाकी रु.............</td><td>१९७७५०</td></tr>
<tr><td>ढिकगाढ खोला वगर क्षेत्र</td><td>५०००</td></tr>
<tr><td>जम्मा</td><td>४८५२५०/-</td></tr>
</table></td><td>४८५२५०/-</td></tr>
<tr><td>३५.</td><td>सार्वजानिक खरीद नियमावली २०६४ मा रु १ करोडसम्मको निर्माण कार्य उपभोक्ता समिति मार्फत गर्न सकिने व्यवस्था छ । तर लागत अनुमान टुका पारी अतिथि गृहको भवन निर्माण जस्तो जटिल कार्य भएको देखियो ।<br><br>सार्वजानिक खरीद नियमावली २०६४ को नियम ९७ मा रु ६० लाख भन्दा बढि लागत अनुमान भएका कार्यको प्रत्येक कार्य इकाइमा उपभोक्ता समितिले गनुपर्ने योगदान खरीद सम्झौतामा उल्लेख गर्नुपर्ने ब्यबस्था छ । अतिथि गृह को लागि रु ६८८८७६८।५७ लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिलाइ गा.पा.बाट अनुदान ६२ लाख उपलब्ध गराउने गरी सम्झौता भएकोमा यस बर्ष रु ५६५७८२६/- भुक्तानी भएको देखिन्छ । तर खरिद सम्झौतामा प्रत्येक कार्य एकाइमा उपभोक्ता समितिको योगदान खुलासा गरेको छैन । लेखापरीक्षण अवधिमा गृहको पहिलो तल्लाको गाह्रो लगाउने सम्मको कार्य गरेको अबस्था छ । आयोजनाको DPR निर्माण भै सोको आधारमा बजेट विनियोजन गनुपर्नेमा अतिथि गृह निर्माणको बजेट विनियोजन भए पश्चात DPR तयार गरेको देखाई रु ४९९९१२।०० भुक्तानी गरेको छ । नियमको परीपालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६.</td><td>सार्वजानिक खरिद नियमावलि २०६४ नियम ८५ मा रु. ५ लाख सम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्नसक्ने ब्यबस्था छ । खानेपानी कार्यमा विनियोजित बजेटबाट पाइप खरिद गरी खानेपानी सेवाबाट बञ्चित जनतालाई वितरण गर्न वडा अध्यक्ष र कार्यपालिका सदस्यलाई क्रमश: रु ३ लाख र रु.१लाख ५० हजारका दरले २०७६।३।८ गते कार्यपालिकाको निर्णय न.२ बाट दिने निर्णय गरी रु. ३३ लाख भुक्तानी गरेको देखियो । जनतालाइ पाइप वितरण गरेको भर्पाइ संलग्न गरेको देखिन्छ । तर खानेपानीबाट बञ्चित जनताको नामनामेसी र वितरणको आधार नखुलाएको,गुणस्तर परिक्षण गरेको देखिएन । वर्षान्तमा नियम विपरीत खरिद गरेको रु……….
<table>
<tr><td>पधादिकारीको नाम</td><td>रकम</td></tr>
<tr><td>वडा अध्यक्ष दल ब.महरा</td><td>३०००००</td></tr>
<tr><td>वडा अध्यक्ष भरत ब महरा</td><td>३०००००</td></tr>
<tr><td>वडा अध्यक्ष भक्त ब. विष्ट</td><td>३०००००</td></tr>
<tr><td>वडा अध्यक्ष भान ब विष्ट</td><td>३०००००</td></tr>
<tr><td>वडा अध्यक्ष चन्द्रदेव जोशि</td><td>३०००००</td></tr>
</table></td><td>३३०००००/-</td></tr>
</table>

| | |
|---|---|
| वडा अध्यक्ष ध्वज कार्की | ३००००० |
| ना.सु. प्रयाग राज पन्त | ३००००० |
| कलावति जोशि | ४५०००० |
| अहरी लुहार | १५०००० |
| उत्तरा विष्ट | १५०००० |
| भगरथी ठगुन्ना | १५०००० |
| फौरराम टमटा | १५०००० |
| गोमति लावड | १५०००० |
| जम्मा | ३३०००००/- |

| | | |
|---|---|---|
| ३७. | २०७६।३।२६ तल्लीडोल मल्लीडोल खानेपानी तथा सरसफाई योजनामा उपभोक्ताको २०.४० प्रतिशत योगदान कायम गरी रु १४४७२५३।१९ भुक्तानी भएको देखियो । उपभोक्ताले उक्त योजनामा विभिन्न प्रकारको एच डि पि ई पाइप ९१०० मिटर .खरिद गरेको नापी कीताबबाट देखिन्छ । तर पाइप विछ्याउने र ज्वोइन्टिङ भएको नदेखिएकोले पाइप मौज्दात र उपयोग भएको सुनिश्चत हुने अवस्था देखिएन । | |
| ३८. | पाताल भुमेश्वरमा रहेको केदार विबाह मण्डप निर्माणमा उपभोक्ता समितिलाई १ थान रु ५००००/-को जेनेरेटर,२ प्रेसर कुकर,समेत रु.४८०००० /- को सामाग्री खरीद भएकोमा विल भरपाइको आधारमा भुक्तानि भएको देखियो । उक्त उपभोक्ता समिति संग भएको सम्झौता र कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले खर्चको आधार प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु......... | ४८००००/- |
| ३९. | **आन्तरिक आय:**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धरण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:–<br>(१) यस वर्ष आन्तरिक राजस्व रु ५४१८५४४।३६ मध्ये गाउँपालिकाको स्वामित्वमा रहेको गत वर्ष रु १ करोड १६ लाख ९९ हजारमा खरीद गरेको एक्साभेटरको प्रयोग गर्न दिए बापत आम्दानी रु २१,४४ हजार समावेश भएको देखियो। एक्साभेटर अपरेटर र सहयोगी नियुक्ती गरी यसवर्ष पारिश्रमिक रु. ३६००००/- भत्ता बाहेक कटिन्जेन्सी शीर्षकबाट खर्च लेखेको छ । एक्साभेटरको बकेट भाडा रु. ३०००/- प्रति घण्टा, ब्रेकर भाडा रु.३६०० /- प्रति घण्टा तोकेको देखिन्छ। औसत भाडा दर रु. ३३००/- का दरले प्रतिदिन ८ घण्टा मा वर्ष भरिको एक्साभेटर भाडा रु. ९६३६०००/- हुने देखिन्छ। एक्साभेटरको अप्रेटर र सहयोगिको १२ महिनाको खर्च लेखेको तर न्युन आन्तरीक आय प्राप्ती भएको देखिन्छ । एक्साभेटर प्रयोगको लगबुक ,स्काभेटरको प्रयोग वापत आम्दानी असुलिका लागि प्रयोग गरेका रसिद लेखापरीक्षणकालागि पेश नभएकाले एक्साभेटरको आम्दानी यकिन गर्ने स्थिति रहेन । यसर्थ आम्दानी यकिन गरी सम्बन्धितबाट असुल गर्नुपर्दछ।<br>(२) गाउँपालिकाको ग्रामिण सडकमा ट्र्याक खोल्ने , स्तरीकरण गर्ने , मैदान वनाउने लगायतका कार्य उपभोक्ता समिति मार्फत हुने र उपभोक्ता समितिले गाँउपालिकाबाट प्राप्त हुने सम्झौता अनुसारको रकमबाट ब्रेकर र बकेट स्काभेटर सञ्चालकबाट ल्याएर प्रयोग गरेको भर्पाइ पेश गरी भुक्तानी लिने गरेको देखिन्छ । गाँउपालिकाको स्वामित्वको चालु अवस्थाको एक्साभेटर हुँदाहुँदै कार्यतालिका वनाई आयोजनामा प्रयोग नगर्ने तर यस्तो कार्य सम्पन्न गर्न उपभोक्ता समितिलाई भुक्तानी दिने गरेकाले दोहोरो व्ययभार परेको देखिन्छ । योजनामा | |

गाउँपालिकाको एक्साभेटर प्रयोग गरी उपभोक्ता समितिले भुक्तानी लिएको यकिन गर्ने अवस्था पनि रहेन । यसर्थ यस सम्बन्धमा छानविन हुनु पर्छ ।

४०. सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन २०७५ मा गाँउपालिका सदस्य र वडा अध्यक्षलाइ घरभाडा वापत सुविधा दिने व्यवस्था छैन । २०७५।१२।१५ को कार्यपालिका बैठकको निर्णय न १५ वाट गाउँपालिका उपाध्यक्षलाई प्रतिवर्ष ४८०००।००, सदस्यलाई रु. २०००।०० का दरले १५ जनालाई यस वर्ष घरभाडा वापत रु. ३८४०००।०० घरधनीलाई भाडा भुक्तानी गरेको भरपाई पेश गरि भुक्तानी दिएकोले असुल गर्नुपर्ने रु ...... ३८४०००/-

| पदाधिकारीको नाम | रकम |
|---|---|
| उपाध्यक्ष पार्वती कार्की | ४८००० |
| ध्वज व. महरा वडा न.१ | २४००० |
| दल ब. महरा वडा न.२ | २४००० |
| चन्द्रदेव जोशि वडा न.३ | २४००० |
| प्रम सिह वडा न.४ | २४००० |
| मान ब. भाट वडा न.५ | २४००० |
| लक्ष्मीदत्त जोशि वडा न ६ | २४००० |
| भरत सिह वडा न. ७ | २४००० |
| भक्त बहादुर विष्ट वडा न.८ | २४००० |
| उत्तर विष्ट का.पा. सदस्य | २४००० |
| जहरी लुहार का.पा. सदस्य | २४००० |
| फोरराम टमटा का.पा.सदस्य | २४००० |
| कलावति जोशि का.पा.सदस्य | २४००० |
| गोमति लुहार का.पा. सदस्य | २४००० |
| भागरथी ठगुन्ना का.पा. सदस्य | २४००० |
| जम्मा | ३८४०००.०० |

४१. वित्तिय समानिकरण (उद्योग वाणिज्य) शीर्षकमा रु १४,४४,४९७०० खर्च भएकोमा टेलरिङ, पोल्ट्रीफर्म, मौरीफर्म ,अचार उद्योगलाई रु २००००।०० देखि रु १५००००।०० का दरले विभिन्न २६ सस्थालाई रकम वितरण गरेको छ ।रकम वितरण गर्ने आधार स्पष्ट छैन । रकम वितरणबाट सम्बन्धित फर्म,व्यवसाय सवल रुपमा सञ्चालित भएको यकिन गर्ने अवस्था छैन । यस्तो वितरणात्मक र प्रवर्द्धनात्मक खर्च नियन्त्रण गर्नुपर्दछ ।

४२. **शिक्षा (शिक्षक तलव भत्ता):–** सम्बन्धित विद्यालयको स्वीकृत दरबन्दी अनुसार पारित तलवि प्रतिबेदन अनुसार बिद्यालयबाट चौमासिक रुपमा तलव भत्ता माग गरेको माग फारम जाँच गरी चौमासिक निकासा दिनु पर्दछ । तेश्रो चौमासिकमा गाँउपालिकाबाट निम्नानुसारका विद्यालयलाई शिक्षक दरबन्दीअनुसार चौमासिक निकासा दिनुपर्ने भन्दा बढी निकासा भएकोले असुल हुनुपर्ने रु .................... ६६०५९७/६४

| सि .न | विद्यालयको नाम | दर वन्दी संख्या | दिनुपर्ने | दिएको | वढि |
|---|---|---|---|---|---|

| . | | | | | |
|---|---|---|---|---|---|
| १ | रौलेश्वर मा.बि। मल्लाढिक | ८ | १०११२७४ | १०१२२७४ | १००० |
| २ | रौलेश्वर मा.वि कफलकोट | ८ जना | ९८०५३९।४७ | १०१०५३४।१ | १९९९४।६३ |
| ३ | रौलेश्वर मा.वि.कालागाँउ | १० जना | १११६२०४।२० | १२०८२०४।२ | १८२००० |
| ४ | भुमिराज दोगडा प्रा.वि. बिटकम | ३ जना | ३७३०६६।२० | ४९२८३३।५ | ११९७६७७३ |
| ५ | भुमिराज मा.वि. चडेपानि | ८ जना | ११६९८५०।८६ | १२६१७२६।३ | ९१८७५।४४ |
| ६ | भुमिराज मा.वि खम्तोला | ४ जना | ४३४०७५ | ५०३८४६।८६ | ६९७७१।८६ |
| ७ | सिद्धेश्वर आ.वि.रिखाली | ५ जना | ४१३०९९।८० | ५००७४१।८ | ८७६४२।१० |
| ८ | भगवती मा.वि. सितड तेश्रो चौमासिक | | १८३५३८४।१२ | १९२३९३०। | ८८५४५।८८ |
| | | | | जम्मा | ६६०५९७६४ |

४३. विद्यालयगत शिक्षकको दरबन्दी,कार्यरत र यस बर्ष नियुक्ती लिएका,अवकाश,सरुवा,राजीनामा दिएकाको अद्यावद्धिक विवरण, शिक्षकको तलब विद्यालय शिक्षक किताबखानाबाट पारित गरेको पेश नगरेकाले शिक्षकको तलव भत्ता लगायत अन्य सुविधावापत खर्चको यकिन गर्ने स्थिती छैन । विद्यालयबाट चौमासिक रुपमा तलव भत्ताको माग फाराम प्राप्त गरी निकासा छाड्नु पर्नेमा निम्नानुसारका रकम निकासा दिदा  चौमासिक तलव माग फाराम पेश हुन नआएकोले विद्यालयमा कार्यरत शिक्षकहरुको स्वीकृत दरबन्दी बमोजिमकै रकम निकासा भएको व्यहोरा यकिन भएन ।

| भौ.नं मिति | चौमासिक | विद्यालयको संख्या | निकासा रु |
|---|---|---|---|
| १।०७५।६।२१ | प्रथम | आधारभुत तहको( दरवन्दी ).का १९ विद्यालय | ८३८५११०।२ |
| २।०७५।६।२१ | प्रथम | आधारभुत तहको राहातकोटाका  २० विद्यालय | ३६७९११७।२ |
| ३।०७५।६।२१ | प्रथम | मा.वि.तह दरवन्दी, सनातन धर्म मा.बि श्रीकोट | ९९५२७५।४ |
| ४।०७५।६।२१ | प्रथम | मा.वि. राहातकोटा, सनातन धर्म मा.वि. श्रीकोट | ३५८२००,० |
| ४।०७५।६।२१ | प्रथम | मा.वि. राहतकोटा, रौलेश्वर उ.मा.वि. कालागाउँ | ५१८७००।० |
| ५।०७५।६।२१ | प्रथम | आधारभुततह दरवन्दीका १६ विद्यालय | ६७१७८९२।२ |
| ६।०७५।६।२१ | प्रथम | आधारभुत तहको राहतकोटा ११ विद्यालय | १७०८८३०।४ |
| ७।०७५।६।२१ | प्रथम | मा.वि.तहको दरवन्दीका  ५ विद्यालय | २७८४३८७ |
| ८।०७५।६।२१ | प्रथम | मा.वि तह राहतका  ३ विद्यालय | १३५८४०० |
| २०।०७५।८।७ | प्रथम | आधारभुत तहको दरवन्दी लटीनाथ आ.वि.तल्लीरिम | ४२०९७१ |
| २९।०७५।३।१३ | तेश्रो | छुट निकासा ६ विद्यालय | ५१८०८८।०७ |
| ३१।०७६।३।२७ | तेश्रो | छुट निकासा भगवति मा.वि. सितड | ९०६९६।५० |
| | | जम्मा | २७५३५६६७९७ |

| | | |
|---|---|---|
| ४४. | आर्थिक कार्यविधी नियमावलि २०६४ बमोजिम भुक्तानि दिन बाँकिको विवरण म.ले.प.फा. न.१८ प्रमाणित गरेर मात्र गतबर्षको भुक्तानि दिनु पर्नेमा भौचर नम्बर १७।०७५।६।२५ बाट आ.ब ०७३।०७४ को छुट भनि पञ्चदेव आधारभुत विद्यालयलाई निकासा दिएको छ । नियमानुसारका प्रमाण वेगर निकासा दिएको अनियमित रु .... | १७५८८/- |
| ४५. | निःशुल्क पाठ्यपुस्तकको रकम विद्यालय क्षेत्र विकास कार्यक्रमबाट ५७ विद्यालयलाई निःशुल्क पाठ्यपुस्तकको रकम निकासा दिएको छ । विद्यालयको कक्षागत विद्यार्थी विवरण भएको फ्लास रिपोर्ट र जनक शिक्षा सामग्री केन्द्रको दररेट अनुसार दिएको प्रमाण संलग्न नभएकोले अनियमित देखिएको रु................ | ५६११०६/७५ |
| ४६. | **विद्यालय क्षेत्र विकास कार्यक्रम (३५०८०६) :–** भौचर नम्बर २४।२०७५।१२।२५ बाट कक्षागत विद्यार्थीको विवरण को फ्लास रिपोर्ट र स्वीकृत दररेटको प्रमाण वेगर ५९ बिद्यालयलाई निशुल्क पाठ्यपुस्तक बापत यस शीर्षकबाट रु. २१५५०९३।७५ र शिक्षक तलब भत्ताको शिर्षकबाट रु. ५६११०६।७५निकासा दिएकोमा बिद्यार्थी बिबरण, स्वीकृत दररेट निःशुल्क पाठ्य पुस्तक खरिद बितरणको प्रमाण पेश हुन पर्ने रु. .... | २१५५०९३/७५ |
| ४७. | भौचर नम्बर ३०।२०७६।२।८ र भौचर ३३ बाट बिभिन्न ५९ बिद्यालयलाई छात्रबृति बापत रु. १७३३३००/- र रु २५४९००/-निकासा गरेकोमा बिद्यालयगत छात्र, छात्रा, दलित छात्र को बिबरण प्रमाणित नगरी छात्रबृति बिबरणको प्रमाण बेगर निकासा भएकोले छात्रबृति बिबरण पाउने बिद्यार्थिको बिबरण रकम बुझेको प्रमाण पेश हुनु पर्ने रु............ | २०८८२००/- |
| ४८. | कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ र सार्बजनिक खरिद नियमावलि २०६४ मा सार्बजनिक निकायले खरिद गर्दा नियमावलिको प्राबधान पालना गर्नुपर्दछ । भगवति मा. बि. सितडले सुचना प्रबिधिको जडान गरे बापत रु. १११५००० /- निकासा दिदां संलग्न बिल भरपाई परिक्षणमा गडतौला ट्रेडर्सबाट डेस्कटप कम्प्युटर र ल्याप्टप रु. ८३९७२०/- को सोझै खरिद गरेको देखियो । अतः सार्बजनिक खरिद नियमावलि २०६४ बिपरित खरिद गरेको अनियमित रु. ............... | ८३९७२०/- |
| ४९. | भौचर नम्बर ७।०७५।६।२१ बाट सुर्य पन्त प्रा. बि. लाई आ. ब. २०७४।७५ मा बाल शिक्षकको तेस्रो चौमासिक छुट भनी रु. २४०००।०० निकासा दिएकोमा गत बर्षको भुक्तानी दिन बाँकीको बिबरण म. ले. प. फा. नं. १८ प्रमाणित भएको पाईएन । अतः भुक्तानी बाँकि प्रमाणित नभएको खर्च अनियमित देखिएको रु. .......... | २४०००/- |
| ५०. | भौचर नम्बर १०।०७५।८।९ बाट चनैराज आधारभुत बिद्यालयलाई शौचालय निर्माण गर्न रु. ४०००००/- पेश्कि दिएकोमा हालसम्म शौचालय निर्माण नगरेकाले सो रकम फिर्ता प्राप्त गर्नुपर्ने रु............................................ | ४०००००/- |
| ५१. | सार्बजनिक खरिद ऐन २०६३, सार्बजनिक खरिद नियमावलि २०६४ तथा शिक्षा नियमावली २०५९ मा निर्बाचित जनप्रतिनिधि बिद्यालय ब्यबस्थापन समितिको अध्यक्ष हुने ब्यबस्था रहेको देखिदैन । वडा नं ८ का वडा अध्यक्ष भक्त ब. बिस्टले रौलेश्वर मा.बि कालागाउँमा बिज्ञान प्रयोगशाला स्थापना गर्न बिद्यालय ब्यबस्थापन समितिको अध्यक्षको हैसियतले पेश्की माग गरी बुझिलिएको निबेदन संलग्न छ । यसरी बिद्यालयको आधिकारीक लेटरप्याडमा चलानि गरेको, छाप लगाएको पत्रद्धारा बिद्यालयको खातामा जम्मा हुने गरी निकासा नदिई सादा कागजमा निबेदन माग गरेको आधारमा निकासा दिने गरेबाट नियमको परिपालनाको स्थिति कमजोर देखिएकाले सुधार हुनु पर्दछ । | |
| ५२. | **शिक्षा (बिबिध कार्यक्रम गाउँपालिका):–** बिद्यालयको शिक्षक नियमित उपस्थितिको सुनिश्चितताको लागि बिद्युतिय हाजिर जडान गर्न भनि निम्न बिद्यालयलाई रु.४४३६६५/- निकासा भएको छ । बिद्युतिय हाजिर जडान भई नियमित सञ्चालनमा रहेको ब्यहोरा सुनिश्चित गर्न निरिक्षण अनुगमन गरी प्रतिबेदन गर्नुपर्नेमा भए गरेको देखिएन । | |

| सि. नं | बिद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | रौलेश्वर मा. बि कफलकोट | १३२०००/- |
| २ | चनैराज मा.बि श्रीकोट | १३२०००/- |
| ३ | रौलेश्वर मा.बि मल्लाढिक | १७९६६५/- |
| | जम्मा | ४४३६६६५/- |

५३. **बिद्यालय अनुदान :–** गाउँकार्यपालिकाको २०७६।१।२५को निर्णय नं ९ अनुसार बिभिन्न २६ बिद्यालयलाई एकमुस्ट रु. ४५१८०००। र **संघिय सरकारबाट** प्राप्त शिक्षण सिकाई अनुदान रु. १८३००००। (७ बिद्यालयलाई) समेत कूल रु ६३४८०००।०० निकासा दिएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नम्बर २.१५.११.६३६ मा अनुमति प्राप्त गरि सञ्चालनमा रहेका र कुनै पनि दरबन्दि वा राहत अनुदान कोटामा नपरेका बिद्यालयलाई शिक्षक ब्यबस्थापन गर्नका लागि अनुदान दिन सकिने ब्यबस्था छ । बिद्यालयका शिक्षक बिद्यार्थी अनुपातका आधारमा निजि स्रोतका शिक्षक नियुक्त गर्नु पर्नेमा एकमुस्ट अनुदान दिएकाले सम्बन्धित बिद्यालयलाई थप शिक्षक आबश्यक पर्ने किसिमको फ्लास रिपोर्ट र स्वीकृत शिक्षक दरबन्दि सहितको शिक्षक बिद्यार्थी अनुपात: शिक्षक दरबन्दि नभएका बिद्यालयका बिद्यार्थि संख्या, शिक्षक नियुक्तिको प्रमाण र तलब बुझाएको प्रमाण पेश हुने अन्यथा असुल हुनुपर्ने रु ......... ६३४८०००/-

५४. **बालबालिका, दलित, अपाङ्ग, जेष्ठ नागरिक लक्षित कार्यक्रम :–** दलित लक्षित कार्यक्रम अन्तरगत निम्नानुसारका सहयोग अनुदान बितरण गरेको छ । यस प्रकार बितरण भएका अनुदान सहयोगको उपयोगको सम्बन्धमा निरिक्षण अनुगमन हुनुपर्ने र आगामि आर्थिक बर्षमा आर्थिक सहयोग दोहोरो नपर्ने गरी अभिलेख अद्याबधिक गरीराख्नु पर्दछ ।

| सि नं | भौ नं। मिति | वडा | नाम | काम | रकम |
|---|---|---|---|---|---|
| १ | ६।०७६।२८ | ८ | रमेश दमाई | सिलाई | ५०००० |
| २ | ७।०७६।३।८ | ६ | हरि दमाई | सिलाई | ५०००० |
| ३ | ८।०७६।३।८ | ६ | राजु भुल | नखुलेको | ३०००० |
| ४ | ९।०७६।३।८ | १ | भगिराम लुहार | आरन सुधार | ४३४३० |
| ५ | ११।०७६।३।१३ | ५ | बिर्मा भुल | कृषि | ५०००० |
| ६ | १२।०७६।३।१६ | ७ | जैकिसन लुहार | आरन सुधार | ४३१६० |
| ७ | १४।०७६।३।१८ | ४ | बिसनराम लुहार | आरन सुधार | ४३२३१ |
| ८ | १६।०७६।३।२३ | २ | जोगि लुहार | आरन सुधार | ४३१६० |
| ९ | १७।०७६।३।१६ | २ | परदेबि लुहार | आरन सुधार | ४६५५० |
| | | | | जम्मा | ३९९५२१/- |

५५. भौचर नम्बर १३।०७६।३।१६ बाट आमा बाबु नभएका २१ जना टुहुरा बालबालिका हरुलाई मासिक रु.२०००/- ले १० महिनाको रु.४२००००/- वडाको सिफारिसको आधारमा बालबालिकालाई आश्रय दिनेलाई बुझाएको छ । यस प्रकारको सहायता बर्षै पिच्छे बितरण गरिने हुनाले अभिलेख अद्याबधिक रहनु पर्दछ । रकम बुझाएको भर्पाइकै आधारमा टुहुरा र अनाथ बालबालिकाले नै सहायता पाएका छन् भनी आश्वस्तताको सुनिश्चित हुनपर्ने देखियो ।

५६. **वडागत चालु खर्च:–** स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन २०७५ को दफा ६ अनुसुचि १ मा वडा अध्यक्षको भ्रमण खर्चको दर दैनिक रु. १४०० /- पाउने उल्लेख छ

| | | |
|---|---|---|
| | । बिभिन्न वडाका वडा अध्यक्षहरुले दैनिक रु. १६०० /- को दरले भ्रमण भत्ता दाबी गरी भुक्तानी लिएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु............................... | ११३००/- |

| सि नं | नाम थर | वडा | अबधि | बढि रकम |
|---|---|---|---|---|
| १ | ध्वज ब कार्कि | १ | ०७५।११।१७-२१ | ८५० |
| | ध्वज ब कार्कि | १ | ०७५।९।७-१३ | १२५० |
| | ध्वज ब कार्कि | १ | ०७५।४।१५-१९ | ८५० |
| २ | लक्ष्मीदत्त जोशी | ६ | ०७५।४।२१-२६ | १०५० |
| | लक्ष्मीदत्त जोशी | ६ | ०७५।५।१३-१९ | १२५० |
| | लक्ष्मीदत्त जोशी | ६ | ०७५।८।१४-२० | १२५० |
| | लक्ष्मीदत्त जोशी | ६ | ०७५।११।२-८ | १२५० |
| ३ | दल ब. महरा | २ | ०७५।१०।१-७ | १२५० |
| | दल ब. महरा | २ | ०७५।११।२४-३० | १२५० |
| ४ | भक्त ब. बिष्ट | ८ | ०७५।८।२५-३० | १०५० |
| | | | जम्मा | ११३०० /- |

| | | |
|---|---|---|
| ५७. | **पशु सेबा (बित्तिय समानिकरण तलब भत्ता):–** प्रा. स. सुरेश राज पन्त साबिक जिल्ला पशु सेबा कार्यालय बझाङको च. न. ३६ को रमाना पत्र अनुसार मिति २०७५।९।१ देखि रमाना लागु हुने गरी सरुवा भई आएकोमा ०७५ मंसिर महिनाको तलब भत्ता यसै गाउँपालिका बाट भुक्तानी भएको हुनाले मंसिर महिनाको तलब भत्ता बझांङबाटै पाउने हुँदा दोहोरो नपरेको सुनिश्चित भएन । अतः कार्यालयमा सरुवा हुनुभन्दा पुर्बको तलब भत्ता भुक्तानी गर्न मिल्ने आधार नभएको रु........................... | ३३६११।५० |
| ५८. | **ब.उ. शी. नं. ३१२१६८ तर्फ :–**उन्नत जातको २ बोका रु. २००००/-का दरले खरिद गरी वडा नं ६ का कृष्ण ब कार्की र वडा नं ७ का धन सिहं कार्कीलाई बुझाएको भरपाई संलग्न राखी रु. ४००००/- खर्च लेखेको छ । आबश्यकताको पहिचान गरी बाखापालन समुहसँग सम्झौता गर्नुपर्ने र सम्झौता बमोजिमका शर्त पालना भए नभएको अनुगमन हुनुपर्दछ । बोकाको तौल, मुल्य, स्वास्थ्य परिक्षण, ट्याग नम्बर राखेको र समुहले प्राप्त गरेको प्रमाण पेश हुनुपर्ने रु...................................... | ४००००/- |
| ५९. | **बित्तिय समानिकरण(पशु) : –** यस कार्यक्रमबाट निम्नानुसारका अनुदान सहयोग दिएकोमा सम्बन्धितबाट कार्यक्रम सहितको प्रस्ताब आह्वान गरी उपयुक्तलाई अनुदान दिई अनुगमन निरिक्षण गर्ने र साल बसालि गरिने यस्तो अनुदान दोहोरो नपर्ने गरी अभिलेख अद्याबधिक गरिराख्ने गर्नुपर्दछ । कार्यालयले उपलब्ध गराएको अनुदानको बिबरण तल उल्लेख छ । | |

| भौ. नं । मिति | बिबरण बापत | वडा | रकम |
|---|---|---|---|
| ८।०७५।१०।७ | हेमराज भट्ट (मासुपसल) | ७ | १००००० |
| १३।०७६।१।२९ | सत्यनारायण भट्ट (जे.पि डेरि उद्योग ) | ४ | १००००० |
| १७।०७६।२।२६ | नरेन्द्र भट्ट, (पोल्टिफर्म) | ४ | ५०००० |
| १८।०७६।२।२७ | नरेन्द्रराज जोशि (मासुपसल) | ४ | १००००० |
| १९।०७६।३।५ | भोज ब. कार्की (बशन्त डेरि) | ७ | १००००० |

| | | | |
|---|---|---|---|
| २०।०७६।३।९ | बसन्ती कार्की (सपना डेरि) | ७ | १००००० |
| २३।०७६।३।२५ | दिनेश प्र भट्ट (कृषि पशु फर्म) | ७ | २००००० |
| | | जम्मा | ७५००००/- |

उपर्युक्त अनुदान छनौटको आधार खुलाई निरिक्षण अनुगमन गरी कार्यालयले अभिलेख अद्यावधिक गर्नुपर्छ ।

६०. वडा नं ८ का वडा अध्यक्ष भक्त बहादुर बिष्टको नाममा रु. ८०००००/- पेश्कि फछ्यौट गरेको श्रेस्ता परिक्षणबाट देखिएका ब्यहोराहरु निम्नानुसार छन् :

क) वडा नं २ का ईन्द्र सिहं कार्की ना. प्र. नं. ७३१०४६।२६ बाट प्रति बाखा रु. १०००० /- का दरले ८० वटा बाखा खरिद गरेको भनि भर्पाईका आधारमा रु. ८०००००/- नगदै बुझएको छ । आर्थिक कार्यबिधि नियमावली २०६४ बमोजिम कार्यालयले रु २५०००/- भन्दा बढिको भुक्तानी चेक मार्फत गर्नुपर्ने ब्यबस्था छ । गाउँपालिका भित्रकै एउटै ब्यक्तिलाई भुक्तानी गर्दा चेकबाट नगरी पेश्की लिएर नगदै भुक्तानी गर्न मिल्ने आधार देखिदैन ।

ख) सोझै खरिदको सीमा भन्दा बढी रकमको खरिद गर्नुपर्ने अबस्थामा सुचना प्रकाशन गर्नुपर्ने, बाखाको तौल, ट्याग, मुल्य, स्वास्थ्य परिक्षण गरी उक्त बाखा प्रजनन्योग्य भएको प्रमाणित हुनुपर्नेमा सो को प्रमाण पेश नभएको ।

ग) आबश्यकताको पहिचान गरी, सम्बन्धित समुहसँग सम्झौता गरी समुहका सदस्यहरुलाई समुहको निर्णय र सिफारिस बमोजिम बाखा बितरण भएको देखिएन । ब्यक्तिलाई बुझाएको भर्पाई सम्म संलग्न गरी पेश्की फछ्यौट भएको पाईएकोले, उक्त बाखा बिक्रेताले त्यति परिमाणमा बाखा पालन गरेको, बाखाको तौल, ट्याग, मुल्य, स्वास्थ्य परिक्षण, प्रजनन्योग्य भएको समुहगत रुपमा वितरण भएको खुल्ने आधार प्रमाण पेश हुनुपर्दछ ।

(घ) बित्तिय समानिकरण चालु तर्फबाट वडा नं ८ का वडा अध्यक्ष भक्त बहादुर बिष्टले एकल महिलालाई बाखा बितरण गर्न रु. ४५००००/- पेश्की लिई रु. १५००००/- सोध भर्ना समेत कुल रु. ६०००००/- खर्च गरेकोमा बाखाको खरिदमा तौल, ट्याग, मुल्य, पशु स्वास्थ्य परिक्षण भएको प्रमाण नभएको र सोझै खरिदको सीमाभन्दा बढी दुई कार्यक्रम गरी रु. १४००००० /- को भुक्तानीमा सुचना प्रकाशन गरी बाखा बिकास फर्महरुबाट खरिद गरी सम्बन्धित लाई भुक्तानी गर्नुपर्नेमा जनप्रतिनिधिलाई पेश्की दिई खरिद गर्नु नियम सम्मत नदेखिएको रु. १४०००००/-

६१. **बित्तिय समानीकरण (कृषि):–** यस आर्थिक बर्षमा हिउँदे फलफुलका बोट, बिरुवा खरिद तथा बितरण गरेको भनी प्रा. स. भाबना बोगटीको रु ५०००००/- पेश्की फछ्यौट भएकोमा बिरुवा लगाउने क्षेत्र, कृषकको माग आबश्यकताको पहिचान र छनौट गरी, प्लटको तयारी, खाल्टा खन्ने, बिरुवा रोप्ने कार्यको निरिक्षण प्रतिबेदन गर्नुपर्दछ । निम्नानुसारका बिरुवा खरिद तथा बितरण भर्पाईले मात्र कार्यक्रमको मुल्याङ्कन हुन सक्दैन । उक्त बिरुवाको परिमाण अनुसार लाखौं बर्गमिटरको क्षेत्र आबश्यक पर्ने भएकाले उक्त बिरुवा कुन स्थानमा के कसरी रोपियो र बिरुवा रोपण पछिको अबस्थाको समेत अनुगमन नभएबाट कार्यक्रम खर्चको उचित लाभ लिनेमा आश्वस्तता गराउनु पर्दछ ।

| सि. नं. | बिबरण | बिरुवा |
|---|---|---|
| १ | ओखर | ३६०० बोट |
| २ | आरु | १६५० बोट |
| ३ | खुर्पानी | ६०० बोट |
| ४ | नास्पति | ६०० बोट |

| | | | |
|---|---|---|---|
| | ५ \| आरु बखडा \| ६५० बोट<br>जम्मा \| ७१०० बोट | |
| ६२. | भौचर नम्बर १७।०७६।३।२९ बाट जनसरोकार ब्यबसायिक कृषि फर्मलाई १०० वटा स्थानको माटो परिक्षण बापत रु. ३०००००/- भुक्तानी गरेकोमा परिक्षणको लागि माटो संकलन गरिएका स्थान र समय परिक्षण पश्चात ती स्थानको माटो के कस्तो प्रकारको छ, सो को प्रतिबेदन गाउँपालिकामा अद्यावधिक अभिलेख राखी सोहि बमोजिम बालि, बिरुवा लगाउने किशानलाई सुसुचित गराउनु पर्नेमा त्यस प्रकारका कार्य भए गरेको नदेखिएकोले खर्चको सदुपयोग भएकोमा आश्वस्त गराउनु पर्दछ। | |
| ६३. | **बित्तिय समानिकरण (स्वास्थ्य) :–** भौचर नम्बर २५।०७५।११।१२ बाट नयन सिहं गोयलाले रु. ३२८५५०/- पेश्की फछ्यौट गरेकोमा निम्नानुसारको सामान खरिद गरेका बिल भर्पाइ संलग्न गरेको छ। उक्त सामानहरु कहाँ प्रयोग भएको हो सो को प्रमाण सहित प्रगति प्रतिबेदन पेश गर्नुपर्ने रु .................................................<br><br>सि. नं \| सामानको नाम \| परिमाण \| रकम<br>१ \| नुन \| १८७५ पाकेट \| ४६९५०<br>२ \| साबुन \| २५७५ पीस \| ७५०००<br>३ \| नेलकटर \| ६५० पीस \| ३२५००<br>४ \| तरकारी कम्पोजिट किट \| ६५० पीस \| १३०००० | ३२८५५०/- |
| ६४. | सहायक पाँचौ महानन्द जोशीलाई छुट ग्रेड भनी रु. ९३९६/-भुक्तानी गरेकोमा तलबी प्रतिबेदन पास गराई ग्रेड यकिन नगरेको र गत बर्ष कति ग्रेड हुनेमा कति प्राप्त गरेको र कति छुट भएको सो नखुलाई छुट ग्रेड भनी भुक्तानी गर्न मिल्ने नदेखिएकोले बार्षिक रुपमा ग्रेड खान मिल्ने गरी तलबी प्रतिबेदन पारीत गराई छुटेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुने रु . | ९३९६/- |
| ६५. | भौचर नम्बर ५२।०७६।३।२० बाट बिभिन्न कर्मचारीलाई फिल्ड भत्ता रु. ११००० /- भुक्तानि गरेकोमा आयकर ऐन २०५८ को दफा ८७ बमोजिम १ प्रतिशत सामाजिक सुरक्षा कर नकाटेकोले असुल गरी कर दाखिला गर्नुपर्ने रु..................... | ११००/- |
| ६६. | **सामाजिक सुरक्षा भत्ता:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष गाउँकार्यपालिकाका सचिवहरुलाई प्रथम, दोश्रो र तेश्रो सामाजिक सुरक्षा भत्ता पेश्की दिएकोमा देहायका व्यहोरा देखिएका छन् : | |
| | १)सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा २२ बमोजिम र बजेट वक्तव्यअनुसार सामाजिक सुरक्षा भत्ता रकम गाउँपालिकमा बैंकिङ्ग सुविधा भए बैंक मार्फत भत्ता वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ। यस वर्ष गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिदैं भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनिय बनाउन बैंकिङ्ग प्रणाली भएका क्षेत्रमा बैंक मार्फत वितरण गर्नुपर्दछ।<br><br>२)सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाँउपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ। सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ। तर कार्यालयले मूल अभिलेख खाता वडा | |

<table>
<tr><td></td><td>कार्यालयमा रहेको जनाई लेखापरीक्षणका लागि पेश नगरेको, अन्य विषयका हकमा उमेर पुरा भएपछि वा भत्ता पाउने भएपछि अभिलेखमा फोटो तथा ल्याप्चे नलगाई सोझै सफ्टवेयर इन्ट्री गरेको, सम्वन्धित वडाबाट नामनामेसी सहित अभिलेख व्यवस्थित गरी सिफारिस सहित कागजात प्राप्त भएपछि MIS मा प्रविष्ट गर्नुपर्नेमा सोझै गर्ने गरेको, अनुसूची ८ मा थप भएका र हराएका व्यक्तिको विवरण भरि प्राप्त नभएको केही नामनामेसी सफ्टवेयरबाट सोझै हटाउने र थप्ने कार्य भएको, वित्तिय सूचना प्रणालीमा सामान्य कुरा फरक भएमा समेत भिडान भई नामनामेसी प्रविष्ट गरेको, एउटै नागरिकता नं. भएकाको समेत MIS मा प्रविष्ट भएबाट वित्तिय सूचना प्रणाली भरपर्दो र विश्वसनिय नभएकाले सम्बन्धित निकायले सो प्रणालीमा भत्ता पाउनेको नामनामेसी दोहोरो नपर्ने गरी System बाट नियन्त्रण हुने गरी व्यवस्थित गर्नुपर्दछ । कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मृत्यू, बसाई सराई) व्यवस्थित अभिलेख नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची ८(क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन ।</td><td></td></tr>
<tr><td></td><td>३)सामाजिक सुरक्षा वितरणमा नाम, नागरिकताको प्रमाणपत्र नं. दोहोरो परी दोहोरो भत्ता बुझेको देखिएको छ । जसमा उक्त नाम एउटै भएका फरक ब्यक्ति हुन भनी प्रमाण पेश गर्नुपर्ने अन्यथा देहायका सचिवहरुबाट निम्न बमोजिमको रकम असुल हुनुपर्ने रु.
<table>
<tr><td>वडा नं</td><td>सचिवको नाम</td><td>रकम रु</td></tr>
<tr><td>१</td><td>विष्णु दत्त जोशि</td><td>४०००।००</td></tr>
<tr><td>२</td><td>नवराज जोशि</td><td>३२०००।००</td></tr>
<tr><td>३</td><td>अमर नाथ</td><td>८००००।००</td></tr>
<tr><td>५</td><td>प्रकाश शिह कार्की</td><td>१६०००।००</td></tr>
<tr><td>६</td><td>विष्णु दत्त जोशि</td><td>८०००।००</td></tr>
<tr><td>७</td><td>अमर नाथ</td><td>३६०००।००</td></tr>
<tr><td colspan="2">कुल</td><td>१७६०००।००</td></tr>
</table></td><td>१७६०००/-</td></tr>
<tr><td>६७.</td><td>कन्टिन्जेन्सी खर्च : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनसूची १ अनुसार कन्टिन्जेन्सी खर्च को व्यवस्था गरेको छ । मिति २०७०/१/१५ को नेपाल सरकारको निर्णय अनुसार कन्टिनजेन्सी मध्ये ६०% चालु प्रकृतिको खर्च र ४०% पुँजिगत प्रकृतिको खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यो आर्थिक वर्षमा रु. ४१ लाख ५० हजार कन्टिन्जेन्सी खर्च लेखेको देखियो । कन्टिन्जेन्सी खर्चबाट दैनिक भ्रमण भत्ता, इन्धन र कार्यालय सामान लगायतका खर्च गरेकोमा चालु र पूँजीगत कन्टिन्जेन्सीको अभिलेख नराखेकोले चालु र पूँजीगत खर्च नछुट्टिने हुन्छ । तसर्थ कन्टिन्जेन्सी खर्चको कार्यविधि बनाई खर्च गर्ने व्यवस्था गर्नुपर्ने, चालु र पूँजीगत खर्चको लगत राखी नगरी नहुने चालु खर्च मात्र कन्टिन्जेन्सीबाट खर्च गर्नुपर्ने व्यवस्था मिलाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६८.</td><td>आन्तरीक लेखापरीक्षण: आर्थिक कार्यविधि ऐन २०७५ को दफा १६(२) बमोजिम प्रत्येक कार्यालयले आन्तरिक लेखापरीक्षण गराई देखिएका कैफियत फछ्र्यौट गर्नुपर्नेमा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठन नभएकोले आन्तरीक लेखापरीक्षण नगरेको व्यवहोरा प्रस्तुत गरेको छ ।</td><td></td></tr>
</table>

अनुसूची- १

## स्थानीय तह सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५–९) |
| १ | बैतडी | दोगडा केदार गाउपालिका | ५१५ | ९६८८० | ३२०७५९ | ५९७० | ४२३६०९ | २३९३८० | १४४३८१ | २२९०९ | ४०६६७० | १७४५४ |

अनुसूची– २

## दोगडा केदार गाउपालिका
## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | बैतडी | दोगडाकेदार गाउपालिका | ४० | ३८ | ३८६६७ | ० | ० | ० | ४० | ३८ | ३८६६७ | ३०७९ | ९७२५ | २५४६३ | ० | ० | ३५१८८ | ० | ४०० | ४०० |

अनुसूची ३

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सम्परीक्षण वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | बैतडी | दोगडा केदार गांउपालिका | ३१७२४ | ३९४८ | २७७७६ | ० | ३८६६७ | ६६४४३ |